# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०८० पौष - २०८० चैत्रसम्म )

## सामाजिक विकास मन्त्रालय

धनगढी, कैलाली

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधानले परिकल्पना गरेअनुरुपका तीन तहका राज्य संरचना मध्ये प्रदेश तहको सुदूरपश्चिम प्रदेशमा पर्ने सामाजिक विकास मन्त्रालय सामाजिक क्षेत्रसंग प्रत्यक्ष एवम परोक्ष सरोकार राख्ने महत्वपूर्ण मन्त्रालय हो । नेपालको संविधानको धारा १६८ मा रहेको प्रदेश मन्त्रिपरिषद्को गठन सम्बन्धी व्यवस्था अनुरुप प्रदेश मन्त्रिहरुका कामकारवाही संचालन गर्न मन्त्रालय गठन हुने क्रममा मिति २०७४/१०/२८ गते यो मन्त्रालय स्थापना भई निरन्तर संचालनमा रहेको छ । यस मन्त्रालयका कार्य क्षेत्रहरु देहाय बमोजिम रहेका छन्:

- शिक्षा
- स्वास्थ्य
- महिला तथा बालबालिका
- सामाजिक सुरक्षा
- युवा तथा खेलकुद
- श्रम तथा रोजगार
- भाषा, संस्कृति, साहित्य, ललितकला, पुरातत्व

प्रादेशिक स्तरमा नेपालको संविधानको सफल कार्यान्वयन तथा दिगो विकासका लक्ष्यहरु हासिल गर्ने सन्दर्भमा शिक्षा, स्वास्थ्य, महिला विकास, युवा खेलकुद, श्रम तथा रोजगार जस्ता सामजिक क्षेत्रका विषयहरू महत्वपूर्ण पक्षको रुपमा रहेका छन ।

नेपालको संविधानले प्रत्याभूत गरेका शिक्षा सम्बन्धी मौलिकहकहरूको सुनिश्चितता गर्न र सबै नागरिकहरूलाई शिक्षाको अवसर उपलब्ध गराउन राज्यको दायित्व रहेको छ । दिगो विकासका लक्ष्यहरू हासिल गर्न संघीय सरकारले लिएका नीति अनुरुप प्रादेशिक स्तरमा शिक्षा, विज्ञान र प्रविधिको उचित विकास गर्नु पर्ने आवश्यकता रहेको छ । विद्यालय शिक्षामा पहुँच र समताको क्षेत्रमा भएको प्रगतिलाई दिगो रूपमा निरन्तरता दिई गुणस्तर र शैक्षिक सुशासन अभिवृद्धि गर्न आवश्यक रहेको छ । बढ्दो बेरोजगारीको समस्यालाई समाधान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच र गुणस्तरमा वृद्धि गर्न जरूरी देखिएको छ । त्यस्तै उच्च शिक्षालाई अनुसन्धानमूलक र अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाई यसको विस्तार र गुणस्तर अभिवृद्धि गर्न आवश्यक देखिएको छ ।

युवा राष्ट्रिय परिवर्तनको संवाहक हुन् । देश निर्माणका लागि आगामी दिनमा युवाको भूमिका अझ बढ्दै जाने कुरा निश्चित छ । युवाशक्ति राष्ट्रशक्ति, युगशक्ति र समयशक्ति पनि हो । कर्मशील युवा कुनै पनि राष्ट्रको भाग्यनिर्माता हुन्छ । उद्यमशील युवा नै उज्ज्वल भविष्यको आधारस्तभ हो । तर त्यसका लागि युवाहरू मानसिक शारीरिक संवेगात्मक सामाजिक विकास भएको हुनु पर्दछ । तब मात्र युवाहरुले समाजका लागि आवश्यक सेवा गर्न सक्छन् । युवाहरुलाई चलायमान बनाउन आधार नै खेलकुद हो । त्यसैले खेलकुदप्रति सकारात्मक चिन्तन प्रवाह गराउन सक्नु पर्दछ अनि मात्र उसमा शारीरिक तथा मानसिक तन्दुरुस्ती हुनेछ जसले देश निर्माणमा अहम् योगदान दिन सक्छ । युवामा राष्ट्र, राष्ट्रियता र जनताप्रतिको बफादारी, युवाका आधारभूत आवश्यकताहरूको परिपूर्ति, समानता एवं समतामूलक वितरणको सिद्धान्त, संवैधानिक शर्त, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त,

लोकतान्त्रिक मूल्य मान्यता, विश्वशान्ति, सह–अस्तित्व, जाति, भाषा, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संवर्द्धन जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रर्वधन गर्नु आजको आवश्यकता देखिन्छ ।

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्नुका साथै स्वास्थ्यलाई संघ, प्रदेश तथा स्थानीय तहको क्षेत्राधिकारभित्र राखेको छ । त्यस्तै गरी, तथ्याङ्क व्यवस्थापनलाई संघ, प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रभित्र राखेको हुनाले जनसंख्यासम्बन्धी विषयसमेत तीन वटै तहअन्तर्गत पर्ने देखिन्छ । जन्मदाको अपेक्षित आयु वर्ष क्रमशः बढ्ने क्रममा रहेको हुँदा जनसंख्या व्यवस्थापनको क्षेत्रमा केही प्रगति भएको छ । जनसंख्या विकासको आधार तथा प्रयोगकर्ता भएको र जनसंख्या विषय विकासको अन्तरसम्बन्धीत विषय भएको हुनाले विश्वव्यापी दिगो विकासका सबै लक्ष्यहरू प्रत्यक्ष एवम् परोक्ष रूपमा जनसंख्यासँग सम्बन्धीत रहेका छन् । राष्ट्रिय स्वास्थ्य नीति, रणनीति तथा स्वास्थ्य बीमा ऐनअनुसार सबै क्षेत्र, वर्ग तथा समुदायका नागरिकलाई भरपर्दो तथा दिगो वित्तीय व्यवस्थापनमार्फत् गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा ल्याउनु आवश्यक छ । स्वास्थ्य बीमा कार्यक्रमलाई देशव्यापी रूपमा कार्यान्वयन गरिने छ । सेवा प्रवाहमा विषयगत क्षेत्र तथा अन्य बहुसरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्य समेत गर्नुपर्ने देखिन्छ । सेवा प्रवाहको समग्र विषयलाई प्रभावकारी रूपमा नियमन गर्नु अपरिहार्य छ । स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूलाई विद्यमान संवैधानिक व्यवस्थानुसार संघ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक नीतिगत व्यवस्थासमेतका आधारमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन युनिर्भसल हेल्थ कभरेजको अवधारणालाई कार्यान्वयन गरिएको छ । जनसंख्याका कार्यक्रमहरू राष्ट्रिय जनसंख्या नीति, जनसंख्यासम्बन्धी दीर्घकालीन योजना तथा थप नीतिगत व्यवस्थामार्फत संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरी दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग पुग्नेगरी कार्यान्वयन गरिनेछ । नेपाल सरकार, बाह्य विकास साझेदार, गैर सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा प्रवाहमा भइरहेको प्रयासबाट आम जनताको पहुँच र स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि भई स्वास्थ्यसम्बन्धी सूचकहरूमा उल्लेखनीय प्रगति भएको छ ।

नेपालको संविधानले महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने लगायतका मौलिक हकको प्रत्याभूति गरेको छ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा नियमावली, २०६७ जारी भएपछि महिलामाथि हुने हिंसाको अन्त्यका लागि प्रभावकारी कानुनी आधार तयार भएको छ । लैङ्गिक हिंसामा परेकाहरूका लागि तत्काल उद्धार, औषधि उपचार, कानुनी सहायता तथा पुनस्थापनाका कार्यहरू भैरहेका छन् भने सुदुरपश्चिम प्रदेशमा मानव बेचविखन तथा लैंगिक हिंसामा परेका महिलाहरुका लागि दिर्घकालिन पुनर्स्थापना केन्द्र संचालनमा ल्याउने कार्यक्रम रहेको छ । नेपालको संविधानमा बालबालिकाको हक सम्बन्धी भएका व्यवस्था, नेपालद्वारा बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९ को अनुमोदन र अन्य बाल अधिकारसँग सम्बन्धीत अन्तर्राष्ट्रिय महासन्धि र इच्छाधीन आलेखहरूमा गरेको प्रतिबद्धता अनुसारका बाल संरक्षण र बालविकास सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिएका छन् । ज्येष्ठ नागरिकहरूको लागि संविधानले प्रत्याभूत गरेको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक कार्यान्वयन गर्न यस प्रदेशमा कार्यक्रमहरु अगाडी बढाइने छन् । नेपाल सरकारले ज्येष्ठ नागरिकहरूलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । ज्येष्ठ नागरिकहरुको मानव अधिकारको संरक्षणका लागि यस प्रदेशमा ज्येष्ठ नागरिक दिवा

सेवा केन्द्र लाई सुदृढीकरण गरिनेछ । मन्त्रालयमा अपाङ्गता सहायता कक्ष संचालनमा आएको तथा अपाङ्गता सहायक सामग्री वितरणको व्यवस्था भएको छ ।

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । गुणस्तरीय मानव संसाधनको विकास मार्फत श्रमको उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशिल साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ । गरिबी निवारण र आर्थिक विकासका लागि बजारको माग अनुसारको सीपमूलक मानव संसाधनको विकास गर्नु आजको आवश्यकता हो । उत्पादनमूलक रोजगारी सिर्जना गरी मुलुकमा उपलब्ध युवा श्रमशक्तिको उपयोग मार्फत कृषि क्षेत्रमा विद्यमान अधिक अनुत्पादक श्रमशक्तिलाई विभिन्न सेवा क्षेत्रमा स्थानान्तरण गर्न सकेमा अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा योगदान हुन सक्छ । नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रमबजारमा प्रवेश गर्दछन् । आन्तरिक श्रम बजारको प्रशोधन क्षमता कमजोर भएकोले विभिन्न उत्पादनमूलक, सीपमूलक तथा व्यवसायजन्य तालिम संचालन गरी बजारको आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्न सके गरिबी निवारण र मानव विकासको पाटो सकारात्मक हुने देखिन्छ ।

## २. निकायको काम, कर्तव्य र अधिकार

सुदूरपश्चिम प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको काम, कर्तव्य र अधिकार यस प्रकार छः-

१. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन;
२. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन;
३. प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन;
४. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम तथा छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण;
५. प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन;
६. प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन;
७. प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन;
८. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन;
९. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना, तर्जुमा, कार्यान्वयन र नियमन;

१०.प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन;

११.स्वास्थ्यसेवा सम्बन्धी प्रदेश स्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्थाको दर्ता, संचालन अनुमति र नियमन;

१२.प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन;

१३.राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रामूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, संचालन, अनुमति र नियमन;

१४.राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, संचालन, अनुमति र नियमन;

१५.खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन;

१६.राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन;

१७.प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवश्रोत विकास र व्यवस्थापन;

१८.औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सूक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण;

१९.खोप र परिवार नियोजन;

२०.संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन;

२१.प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह;

२२.प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन;

२३.सूर्ति, मदिरा र लागूपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन;

२४.स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन;

२५.सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम;

२६.राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन;

२७.स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन;

२८.आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन;

२९.प्रदेशस्तरको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा संचालन, संभार र नियमन;

३०.खानेपानी तथा सरसफाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन;

३१.सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाई तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता;

३२.जनसंख्या, बसाईसराई र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र संचालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय;

३३.महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन;

३४.लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापन;

३५.महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान;

३६.लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक परिक्षण;

३७.बाल बालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनस्थार्पना;

३८.प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति र अशक्त, बालबालिका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन;

३९.समाजकल्याण र संघसंस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन;

४०.युवासम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन;

४१.खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन;

४२.खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन;

४३.राष्ट्रिय र प्रादेशिक खेलकूद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता;

४४.लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन;

४५.सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य;

४६.प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय;

४७.विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी;

४८.भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन;

४९.ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कला र कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन;

५०.प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, संचालन तथा व्यवस्थापन;

५१.प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड, तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुननिर्माण;

५२.धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको संचालन र व्यवस्थापन;

५३.संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन;

५४.रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति तथा कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन;

५५.श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा टेड्र युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन;

५६.श्रमशक्ति, श्रम बजार, सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना;

५७.औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण;

५८.कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन;

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

### क) सामाजिक विकास मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज

सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश कैलालीको संगठन संरचना




## ख) कर्मचारी विवरणः

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | सामाजिक विकास मन्त्रालय | ५४ | २७ | २७ | |
| २ | शिक्षा विकास निर्देशनालय | ३५ | २२ | १३ | |
| ३ | स्वास्थ्य निर्देशनालय | ३२ | १० | २२ | |
| ४ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | १७ | ८ | ९ | |
| ५ | शिक्षा तालिम केन्द्र डोटी | १७ | ६ | ११ | |
| ६ | सेती प्रादेशिक अस्पताल, धनगढी | १०६ | ५१ | ५५ | |
| ७ | महाकाली प्रादेशिक अस्पताल, | १०० | ४९ | ५१ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | कञ्चनपुर | | | | |
| ८ | टीकापुर अस्पताल | ५९ | २६ | ३३ | १ |
| ९ | जिल्ला अस्पताल डोटी | ३० | १५ | १५ | |
| १० | जिल्ला अस्पताल अछाम | २२ | ११ | ११ | |
| ११ | जिल्ला अस्पताल दार्चला | २२ | १३ | ९ | ३ |
| १२ | जिल्ला अस्पताल बैतडी | २२ | ९ | १३ | १ |
| १३ | जिल्ला अस्पताल बझाङ्ग | २२ | १३ | ९ | ३ |
| १४ | जिल्ला अस्पताल बाजुरा | १८ | ११ | ७ | |
| १५ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १४ | ६ | ८ | ३ |
| १६ | स्वास्थ्य तालिम केन्द्र | १४ | ६ | ८ | |
| १७ | स्वास्थ्य कार्यालय, कैलाली | १५ | १२ | ३ | |
| १८ | स्वास्थ्य कार्यालय, डडेल्धुरा | १३ | ११ | २ | |
| १९ | स्वास्थ्य कार्यालय, डोटी | १३ | ६ | ७ | २ |
| २० | स्वास्थ्य कार्यालय, बझाङ्ग | १२ | ९ | ३ | |
| २१ | स्वास्थ्य कार्यालय, अछाम | १२ | ८ | ४ | १ |
| २२ | स्वास्थ्य कार्यालय, दार्चुला | १२ | ८ | ४ | |
| २३ | स्वास्थ्य कार्यालय, बैतडी | १२ | ८ | ४ | |
| २४ | स्वास्थ्य कार्यालय, कञ्चनपुर | १२ | १२ | ० | १ |
| २५ | स्वास्थ्य कार्यालय, बाजुरा | ११ | ७ | ४ | |
| २६ | प्रादेशिक आयुर्वेद चिकित्सालय कैलाली | ६ | ४ | २ | |
| २७ | महाकाली आयुर्वेद औषधालय कञ्चनपुर | ६ | ४ | २ | |
| २८ | जिल्ला आयुर्वेद स्वास्थ्य, अछाम | ७ | ३ | ४ | |
| २९ | जिल्ला आयुर्वेद स्वास्थ्य, डोटी | ७ | २ | ५ | |
| ३० | जिल्ला आयुर्वेद स्वास्थ्य, बाजुरा | ७ | ४ | ३ | |
| ३१ | जिल्ला आयुर्वेद स्वास्थ्य, बझाङ्ग | ७ | ४ | ३ | |
| ३२ | जिल्ला आयुर्वेद स्वास्थ्य, डडेल्धुरा | ७ | ५ | २ | |
| ३३ | जिल्ला आयुर्वेद स्वास्थ्य, बैतडी | ७ | ३ | ४ | |
| ३४ | जिल्ला आयुर्वेद स्वास्थ्य, दार्चुला | ७ | ४ | ३ | |
| ३५ | व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, कैलाली | १ | १ | ० | |
| ३६ | व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, कञ्चनपुर | १ | ० | १ | |
| | जम्मा | ७५९ | ३९८ | ३६१ | १६ |

**अस्थायी स्वीकृत दरबन्दी**

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | सामाजिक विकास मन्त्रालय | ८ | | |
| २ | शिक्षा विकास निर्देशनालय | २ | | |
| ३ | स्वास्थ्य निर्देशनालय | ४ | | |
| ४ | प्रादेशिक आयुर्वेद चिकित्सालय कैलाली | २७ | | |
| ५ | प्रादेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्र | ९ | | |
| ६ | व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, कैलाली | १३ | | |
| ७ | व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, कञ्चनपुर | १८ | | |
| ८ | सामाजिक विकास कार्यालय, कैलाली | १० | | |
| ९ | सामाजिक विकास कार्यालय, कञ्चनपुर | १० | | |
| १० | सामाजिक विकास कार्यालय, डोटी | ७ | | |
| ११ | सामाजिक विकास कार्यालय, अछाम | ७ | | |
| १२ | सामाजिक विकास कार्यालय, डडेल्धुरा | ८ | | |
| १३ | सामाजिक विकास कार्यालय, बैतडी | ७ | | |
| १४ | सामाजिक विकास कार्यालय, दार्चुला | ७ | | |
| १५ | सामाजिक विकास कार्यालय, बझाङ्ग | ८ | | |
| १६ | सामाजिक विकास कार्यालय, बाजुरा | ७ | | |
| १७ | प्रदेश खेलकुद परिषद, कैलाली | ७ | | |
| १८ | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान, कैलाली | ६ | | |
| १९ | प्रदेश युवा परिषद, कैलाली | ७ | | |
| | जम्मा | १७२ | | |

## ग) सामाजिक विकास मन्त्रालयको दरबन्दी विवरण र पदपूर्तिको अवस्था

| सि.नं. | पद | सेवा | समुह | श्रेणी/तह | स्वीकृत दरबन्दी संख्या | पदपुर्ति संख्या | रिक्त पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | समुहकृत नहुने | रा.प.प्रथम | १ | १ | ० | |
| २ | उप-सचिव | प्रशासन | सा.प्र. | रा.प.द्वितीय | १ | ० | १ | |
| ३ | उप-सचिव | शिक्षा | शिक्षा प्रशासन | रा.प.द्वितीय | ३ | २ | १ | |
| ४ | प्रमुख म.वि.अ. | विविध | विविध | रा.प.द्वितीय | १ | ० | १ | |
| ५ | वरिष्ठ/उप-स्वास्थ्य प्रशासक | स्वास्थ्य | प.हे.ए./ए.चि | नवौ/दशौ | १ | ० | १ | |
| ६ | वरिष्ठ जनस्वास्थ्य प्रशासक | स्वास्थ्य | हे.ई. | नवौ/दशौ | १ | ० | १ | |
| ७ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | रा.प.तृतीय | ३ | १ | २ | |
| ८ | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय | १ | १ | ० | |
| ९ | शाखा अधिकृत | शिक्षा | शिक्षा प्रशासन | रा.प.तृतीय | ५ | ५ | ० | |
| १० | शाखा अधिकृत | शिक्षा | पुरातत्व | रा.प.तृतीय | १ | १ | ० | |
| ११ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | १ | ० | १ | १ संघबाट |
| १२ | महिला विकास अधिकृत | विविध | | रा.प.तृतीय | २ | १ | १ | |
| १३ | आयुर्वेद चिकित्सक | स्वास्थ्य | आयुर्वेद | आठौं | १ | १ | ० | |
| १४ | क. नर्सिङ अधिकृत | स्वास्थ्य | क.न. | सातौ/आठौ | १ | ० | १ | |
| १५ | वरिष्ठ/जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | हे.ई. | सातौ/आठौ | १ | १ | ० | |
| १६ | वरिष्ठ/फार्मेसी अधिकृत | स्वास्थ्य | फार्मेसी | सातौ/आठौ | १ | ० | १ | १ करारमा |
| १७ | वरिष्ठ/स्वास्थ्य शिक्षा अधिकृत | स्वास्थ्य | हे.ए. | सातौ/आठौ | १ | १ | ० | |
| १८ | नायव सुब्बा | प्रशासन | सा.प्र. | रा.प.अन.प्रथम | ४ | ३ | १ | |
| १९ | प्रा.स. | शिक्षा | शिक्षा प्रशासन | रा.प.अन.प्रथम | ५ | ५ | ० | |
| २० | प्रा.स. | शिक्षा | पुरातत्व | रा.प.अन.प्रथम | १ | ० | १ | |
| २१ | कम्प्युटर अपरेटर (५/६) | विविध | | रा.प.अन.प्रथम | २ | १ | १ | |
| २२ | म.वि.नि. | विविध | | रा.प.अन.प्रथम | २ | २ | ० | |
| २३ | सह-लेखापाल | प्रशासन | लेखा | रा.प.अन.द्वितीय | १ | ० | १ | १ काजमा |
| २४ | ह.स.चा. | | | श्रेणीविहिन | ५ | ० | ५ | ५ करारबाट पदपूर्ति |
| २५ | का.स. | | | श्रेणीविहिन | ८ | १ | ७ | ७ करारबाट पदपूर्ति |
| जम्मा | | | | | ५४ | २७ | २७ | |

# घ) महाशाखा/शाखा अनुसार कर्मचारी विवरण

| सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलालीमा कार्यरत महाशाखा/शाखा अनुसार कर्मचारी विवरण | | | | |
|---|---|---|---|---|
| **महाशाखाको नाम** | **शाखाको नाम** | **शाखामा कार्यरत कर्मचारी** | **मोबाइल नं.** | **इमेल ठेगाना** |
| **माननीय मन्त्रीज्यूको सचिवालय** | | स्वकीय सचिव — | | |
| | | स्वकीय सचिव — | | |
| | | निजि सचिव — | | |
| | | निजि सचिव — बिरेन्द्र सापकोटा | ९८६८४२१५८७ | sapkota.birendra61@gmail.com |
| **सचिव ज्यूको निजी सचिवालय** | | प्रदेश सचिव — चक्र पाणी पाण्डे | ९८५८४७९६६६ | |
| | | सहायक कम्प्युटर अपरेटर- जनकराज भट्ट | ९८४८७७८५५७ | jnbhatt98557@gmail.com |
| **प्रशासन तथा योजना महाशाखा प्रमुख - गणेश बहादुर सिंह उपसचिव (दशौं तह) ९८५८४२०५९३ singhganesh45@gmail.com** | प्रशासन, योजना तथा अनुगमन शाखा | शाखा प्रमुख - भुवन जोशी, शा.अ. | ९८४९६३३५२७ | bhuwanjoshi9999@gmail.com |
| | | ईन्जिनियर - होमराज तिमिल्सना | ९८५८४२३३४४ | sharma42754@gmail.com |
| | | सब-ईन्जिनियर - सुनिल भण्डारी | ९७४८८८९५९५ | sunilbh6789@gmail.com |
| | | अधिकृत, छैठौं - दिनेश कुमार गुप्ता | ९८४८५२६१५१ | dineshkumarg751@gmail.com |
| | | अधिकृत, छैठौं - | | |
| | | अधिकृत, छैठौं - पुष्कर थापा | ९८५८०५०३३८ | thapapushkar85@gmail.com |
| | | कम्प्युटर अधिकृत छैठौ - मन्जु खड्का | ९८४८७७२९८५ | manjukhadka1986@gmail.com |
| | आर्थिक प्रशासन शाखा | शाखा प्रमुख — कृष्ण बहादुर शाही - ले.अ. | ९८४९६४७११७ | krishanashahi30@gmail.com |
| | | स.ले.पा. - रमेश पंगेनी (काज) | ९८६८७५६२१९ | pangeniramesh2052@gmail.com |
| | कानून तथा फैसला कार्यान्वयन शाखा | कानून अधिकृत- दान बहादुर सुनार | ९८४८७७९१४७ | dbscourt@gmail.com |
| | श्रम तथा रोजगार शाखा | शाखा प्रमुख — भुवन जोशी — शा.अ. | ९८४९६३३५२७ | bhuwanjoshi9999@gmail.com |
| | | सहायक पाँचौ - चम्पा कुमारी जोशी | ९८६७३१५२१४ | joshichampa20@gmail.com |
| | | सहायक कम्प्युटर अपरेटर- जनक राज भट्ट | ९८४८७७८५५७ | jnbhatt98557@gmail.com |
| **उच्च शिक्षा महाशाखा प्रमुख - गणेश बहादुर सिंह उपसचिव (दशौं तह) 98५८०४२०५९३ singhganesh45@gmail.com** | उच्च शिक्षा शाखा | शाखा प्रमुख - शा.अ.- गोपाल दत्त जोशी | ९७६५३२७७८८ | gopalj50@gmail.com |
| | | प्रा.स.(अधिकृतस्तर छैटौं) - डम्बर बहादुर रावल | ९८६५६४१२६५ | rawaldamber2039@gmail.com |
| | विशेष शिक्षा शाखा | शाखा प्रमुख —गोपाल दत्त जोशी शा.अ. | ९७६५३२७७८८ | gopalj50@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| | | प्रा.स.- तुलसी ओझा | ९८४८४२६०४९ | tulashiojha431210@gmail.com |
| **शैक्षिक योजना तथा अनुसन्धान महाशाखा<br>प्रमुख - गगन देव भट्ट<br>उपसचिव (दशौं तह)<br>9841296446<br>bhattgagandev@gmail.com** | शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा | शाखा प्रमुख — शा.अ.- लोकेन्द्र प्रसाद भट्ट, | ९८५११५८०७२ | lokendra76bhatta@gmail.com |
| | | प्रा.स. - युवा डाँगी | ९७४२२४३६०० | |
| | | कम्प्युटर अपरेटर - रिक्त | | |
| | प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा | शाखा प्रमुख — शा.अ.- लोकेन्द्र प्रसाद भट्ट | ९८५११५८०७२ | lokendra76bhatta@gmail.com |
| | | प्रा.स. -युवा डाँगी | ९७४२२४३६०० | |
| **अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा<br>प्रमुख —** | अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा | वरिष्ठ/उप स्वास्थ्य प्रशासक — रिक्त | | |
| | | आयुर्वेद चिकित्सक — डा. खगेन्द्र बम | ९८४८७२६२४३ | |
| | | आयुर्वेद चिकित्सक — डा. चेतराज जोशी | ९८४९१०४४४७ | doctorchetjoshi31@gmail.com |
| | | ब./फार्मेसी अधिकृत - प्रेम भण्डारी | ९८४८७५१०१६ | phr.prem44@gmail.com |
| **नीति, कानुन, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा<br>प्रमुख —** | नीति, कानुन, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा | व./स्वा. शि. अ. - हेमराज खड्का | ९८४८४६५२३६ | hemkhadka2010@gmail.com |
| | | वरिष्ठ जनस्वास्थ्य प्रशासक - रिक्त | | |
| | | नर्सिङ अधिकृत — अस्मिता चन्द | ९८६३६७९३६३ | asmitachand93@gmail.com |
| | | जनस्वास्थ्य अधिकृत- शिवराज सुनार | ९८५८७७६५०९ | Shivsunar52@gmail.com |
| | | जनस्वास्थ्य अधिकृत- सुनिता शर्मा | ९८४९५२४६८९ | Springdale2424@gmail.com |
| **युवा तथा खेलकुद महाशाखा<br>प्रमुख - गगन देव भट्ट<br>9841296446<br>उपसचिव (दशौं तह)<br>bhattgagandev@gmail.com** | युवा तथा खेलकुद शाखा | शाखा प्रमुख -शा.अ.- गोपाल दत्त जोशी | ९७६५३२७७८८ | gopalj50@gmail.com |
| | | प्रा.स. - तुलसी ओझा | ९८४८४२६०४९ | tulashiojha431210@gmail.com |
| | भाषा, संस्कृति र पुरातत्व संरक्षण शाखा | शाखा प्रमुख — शा.अ.- लोकेन्द्र प्रसाद भट्ट | ९८५११५८०७२ | lokendra76bhatta@gmail.com |
| | | प्रा.स. - युवा डाँगी | ९७४२२४३६०० | |
| **सामाजिक विकास महाशाखा<br>प्रमुख -<br>गणेश बहादुर सिंह उपसचिव (दशौं तह)<br>९८५८४२०५९३<br>singhganesh45@gmail.com** | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण शाखा | प्रमुख – म.वि.अ.- जयन्ती गिरी | ९८४९३८४६५३ | girijayantirsn@gmail.com |
| | | अधिकृत - विन्दु कुमारी चटौत | ९८४८७६९०९४ | chabindu1@gmail.com |
| | बाल अधिकार तथा सामाजिक न्याय शाखा | प्रमुख – म.वि.अ.- जयन्ती गिरी | ९८४९३८४६५३ | girijayantirsn@gmail.com |
| | | अधिकृत - विन्दु कुमारी चटौत | ९८४८७६९०९४ | chabindu1@gmail.com |
| | | दोभाषे सहजकर्ता - आकाश लोहार | ९८४८९९८४५३ | zargalaakash@gmail.com |

## ङ) <u>कार्य विवरण</u>

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस मन्त्रालयमा निम्न बमोजिमका महाशाखा तथा शाखाहरु रहेका छनः-

### १) <u>प्रशासन तथा योजना महाशाखा</u>

- मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक योजना तथा वार्षिक बजेट र कार्यक्रम सम्वन्धी कार्य,
- महाशाखाहरुबीच आपसमा समन्वय सम्बन्धी कार्य,
- आर्थिक प्रशासन संचालन सम्बन्धी कार्य,
- वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक अभिलेख राख्ने तथा समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्बन्धमा आवश्यक कारवाही गर्ने सम्बन्धी कार्य,
- वार्षिक एवं चौमासिक प्रगति विवरणहरूको संकलन, विश्लेषण एवम् पृष्ठपोषण सम्वन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,
- मन्त्रालय र मातहतका निकायहरुको संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतको कर्मचारी प्रशासन तथा जनशक्ति विकाससम्बन्धी कार्य,
- अन्य महाशाखालाई नतोकिएको कार्य,

### प्रशासन, योजना तथा अनुगमन शाखा

प्रशासन, योजना तथा अनुगमन शाखाको कार्यविवरण देहाय बमोजिम रहेको छ ,

- मन्त्रालय र अन्तर्गतको कर्मचारी प्रशासन तथा जनशक्ति विकाससम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको संगठन संरचना, दरवन्दी सृजना, कर्मचारीको कार्य विवरण, नियुक्ति, पदस्थापन, अधिकार प्रत्यायोन,सरुवा, काज,बढुवा, विदा, कार्य सम्पादन मूल्याङ्कन,अवकाशसम्बन्धी कार्यहरु गर्ने,
- मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको अभिलेख अद्यावधिक गर्ने,
- कर्मचारीहरुलाई दिइने सुविधा, पुरस्कार र विभागीय कारवाही तथा सजायसम्बन्धी कार्य गर्ने,
- स्वदेशी तथा विदेशी छात्रवृत्ति, तालिम, गोष्ठी आदिमा कर्मचारी मनोनयनको लागि सिफारिस तथा विदा स्वीकृतिका निम्ति पेश गर्ने,
- मन्त्रालयको भौतिक साधनहरुको स्याहार, सम्भार, मर्मत, सरसफाई, कार्यालय विन्यास तथा संरक्षण लगायत जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- तोकिए बमोजिम मन्त्रालयको वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्ने,
- मन्त्रालयभित्र कागज धुल्याउने तथा लिलामी सम्बन्धी व्यवस्था गर्ने,
- उजुरी तथा गुनासो सुनुवाई सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको खरिद ईकाइ गठन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय अर्न्तगतका निकायहरुको निरीक्षण, सुपरिवेक्षण र अनुगमनसम्बन्धी व्यवस्थापन गर्ने,
- कर्मचारी बैठक सम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धीत कामको अभिलेख व्यवस्थापन गर्ने,
- मातहतका निकायहरुको सम्पर्क बिन्दु भई काम गर्ने,
- मन्त्रालयको मूल दर्ता चलानी र जनसम्पर्क सम्बन्धी कार्य गर्ने,

- सवारी साधनहरुको व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
- मन्त्रालयको Website व्यवस्थापन गर्ने,
- मन्त्रालय र मातहत निकायका नाममा दर्ता कायम जग्गा र भवनहरुको विवरण अद्यावधिक गर्ने,
- अतिरिक्त समूहमा दरवन्दी रही यस मन्त्रालयमा जिम्मेवारी तोकिएका कर्मचारीहरुको व्यवस्थापन गर्ने,
- अन्य शाखामा नतोकिएका कार्यहरु,

## आर्थिक प्रशासन शाखा

आर्थिक प्रशासन शाखाको कार्य विवरण देहाय बमोजिम रहेको छ :

- प्रचलित कानुन बमोजिम मन्त्रालयको आर्थिक प्रशासन संचालन गर्ने,
- आर्थिक मामिला तथा योजना मन्त्रालय र यस मन्त्रालयको प्रशासन तथा योजना महाशाखासँग समन्वय गरी वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने,
- आर्थिक प्रशासनसम्बन्धी विषयमा माग भएबमोजिमको राय सल्लाह प्रदान गर्ने,
- विनियोजन बजेट अन्तर्गत बजेट निकासासम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको प्रशासन तथा योजना महाशाखासँग समन्वय गरी कार्यक्रम संशोधन र रकमान्तर सम्बन्धी कार्य गर्ने,
- ऐन नियमानुसार तोकिएको श्रेस्ता राख्ने, राख्न लगाउने,
- मन्त्रालयको विनियोजन, राजश्व, धरौटी र जिन्सी श्रेष्ता अद्यावधिक गरी गराई दुरुस्त राख्ने,
- विनियोजन हिसाबको लागि आवश्यक मास्केवारी तथा अन्य फांटवारी नियमित रुपमा तयार गर्ने गराउने र सम्बन्धीत निकायमा समयमै पठाउने व्यवस्था गर्ने गराउने,
- आर्थिक प्रशासन शाखाको सहभागिता आवश्यक हुने विभिन्न समितिहरुमा रही कार्य गर्ने,
- मन्त्रालयका अन्य शाखाहरूसँग समन्वय गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- वार्षिक विवरण तयार गर्न सहयोग गर्ने,
- लेखापरीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय अन्तर्गतका निकायहरुको आर्थिक व्यवस्थापन सुधारका लागि सुझाव दिने,
- आम्दानी तथा खर्चसम्बन्धी विवरणहरु अद्यावधिक राख्ने,
- तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

## कानून तथा फैसला कार्यान्वयन शाखा

कानून तथा फैसला कार्यान्वयन शाखाको कार्य विवरण देहाय बमोजिम रहेको छ,

- मन्त्रालयसँग सम्बन्धीत ऐन, कानूनहरूको परिमार्जनका लागि मस्यौदा पेश गर्ने,
- नयाँ विधेयक तर्जुमा गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका निकायहरूबाट माग भएबमोजिम कानूनी राय, परामर्श उपलब्ध गराउने,
- मन्त्रालय पक्ष हुने सन्धि, सम्झौता, समझदारीपत्र आदिमा कानूनी राय उपलब्ध गराउने,
- मन्त्रालयको तर्फबाट फिराद्पत्र ,प्रतिउत्तरपत्र, रिट निवेदन, लिखित जवाफ, पुनरावेदनपत्र तयार गरी सम्बन्धीत निकायमा पठाउने कार्य |
- मन्त्रालयको कार्यक्षेत्रका विषयमा सम्मानित अदालतबाट भएका फैसला कार्यान्वयन गर्ने गराउने,
- मन्त्रालयसँग सम्बन्धीत अदालती फैसलाको अभिलेख तथा कार्यान्वयन सम्बन्धी कार्य |

- कानूनले सृजना गरेका अन्य जिम्मेवारीहरुसम्बन्धी काम गर्ने,
- तोकिएबमाजिमका अन्य कार्यहरु गर्ने ।

**श्रम तथा रोजगार शाखा**

श्रम तथा रोजगार शाखा खाको कार्य विवरण देहाय बमोजिम रहेको छ,

- रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक निति, कानून तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी गर्ने,
- श्रमशक्ति र श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन,अद्यावधिक, विश्लेषण र श्रमशक्ति योजना सम्बन्धी कार्य गर्ने,
- श्रमसंग सम्बन्धीत कार्यका लागि संघ र स्थानीय सरकारसँग सम्पर्क,सहकार्य तथा समन्वय गर्ने,
- श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड यूनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन सम्बन्धी कार्य गर्ने,
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण सम्बन्धी कार्य गर्ने,
- कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन सम्बन्धी कार्य गर्ने,
- सीप विकास तथा तालिम सम्बन्धी प्रादेशिक नीति, कानून तर्जुमा,योजना,मापदण्ड, पूर्वाधार विकाससम्बन्धी काम गर्ने र सो को नियमन गर्ने,
- तालिम केन्द्रहरुको विवरण अद्यावधिक गर्ने,
- तालिम प्राप्त जनशक्तिको विवरण अद्यावधिक गर्ने,
- सीप विकास तालिमसम्बन्धी पाठ्यक्रम तर्जुमा, परिमार्जन, तालिम सञ्चालन मापदण्ड निर्धारण गर्ने, प्रवर्द्धन र समन्वय गर्ने,
- रोजगारीका संभावित क्षेत्रहरुमा आवश्यक सीप तथा दक्षता पहिचान गरी दक्ष जनशक्ति उत्पादनका लागि नीतिगत तथा संस्थागत समन्वय गर्ने,
- पिछडिएको क्षेत्र, वर्ग तथा समुदाय लक्षित सीपमूलक तालिम नीति तर्जुमा,समन्वय तथा नियमन गर्ने,
- लक्षित वर्गहरुलाई रोजगारी तथा स्वरोजगारीसम्बन्धी सचेतना तथा पूर्व तयारीसम्बन्धी अभिमुखीकरण तालिम कार्यक्रम आवश्यक समन्वय गरी सञ्चालन गर्ने,
- कामदार मजदूरहरुको कार्य संस्कृति र व्यवहार (Working Culture and Behaviors) सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुको तर्जुमा तथा समन्वय गर्ने,
- तालिम केन्द्रहरुबीच समन्वय गरी विशिष्टिकृत तालिम प्रदायक संस्थाहरुको संरचनागत विकासको लागि संस्थागत समन्वय गर्ने,
- श्रमिकको कर्तव्य, दायित्व, कार्य संकृति र व्यवहार सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुको सञ्चालनका सम्बन्धमा आवश्यक समन्वय गर्ने,
- श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारणसम्बन्धी कार्य गर्ने,
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
- श्रमिकहरुको सामाजिक सुरक्षाको सन्दर्भमा व्यवसायजन्य स्वास्थ्य सेवासम्बन्धी आवश्यक कार्य गर्ने,
- शाखासँग सम्बन्धीत विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

## २) <u>सामाजिक विकास महाशाखा</u>

### लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण शाखा

- महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान,
- लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परिक्षण,
- लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धी, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन निरोधात्मक र संरक्षणातमक उपाय र पुनस्थापन,
- लैंगिक उत्तरदायी बजेट र लैङ्गिक परिक्षण,
- राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
- शाखासँग सम्बन्धीत विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य,
- तोकिएबमोजिमका अन्य कार्यहरु।

### बाल अधिकार तथा सामाजिक न्याय शाखा

बाल अधिकार तथा सामाजिक न्याय शाखाको कार्य विवरण देहाय बमोजिम रहेको छ,

- बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान,
- लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह,
- बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,
- बालबालिका सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन,अद्यावधिक र विश्लेषण,
- प्रदेश स्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बाल बलिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन,
- समाज कल्याण र संघसंस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन,
- शाखासँग सम्बन्धीत विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य,
- तोकिएबमोजिमका अन्य कार्यहरु ।

## ३) <u>युवा तथा खेलकुद महाशाखा</u>

### युवा तथा खेलकुद शाखा

युवा तथा खेलकुद शाखाको कार्यविवरण देहाय बमोजिम रहकोछ,

- युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- युवा वैज्ञानिक प्रोत्साहन,
- खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,
- खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्वद्धन,
- खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन,
- राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता,
- शाखासँग सम्बन्धीत विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य,
- तोकिएबमोजिमका अन्य कार्यहरु ।

**भाषा, संस्कृति र पुरातत्व संरक्षण शाखा**

भाषा, संस्कृति र पुरातत्व संरक्षण शाखाको कार्यविवरण देहायबमोजिम रहकोछ ,

- विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी कार्य,
- भाषा, लिपी संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिक स्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,
- प्रादेशिक स्तरमा संग्रहालयको स्थापना, संचालन तथा व्यवस्थापन,
- प्रदेश स्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवं संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण,
- धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको संचालन र व्यवस्थापन,
- संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,
- शाखासँग सम्बन्धीत विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य,
- तोकिएबमोजिमका अन्य कार्यहरु ।

**४) <u>शैक्षिक योजना तथा अनुसन्धान महाशाखा</u>**

**शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा**

शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखाको कार्यविवरण देहाय बमोजिम रहकोछ

- प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,
- प्रदेश स्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,
- प्रदेश स्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,
- माध्यमिक तहको परीक्षा व्यवस्थापन,
- प्रदेश स्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्यांक व्यवस्थापन,
- शाखासँग सम्बन्धीत विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य,
- तोकिएबमोजिमका अन्य कार्यहरु ।

**प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा**

प्राविधिक तथा व्यवसायिक शिक्षा शाखाको कार्यविवरण देहाय बमोजिम रहकोछ

- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिमको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण,
- प्रादेशिक स्तरका प्राविधिक तथा व्यवसायिक तालिम प्रदायक संघसंस्थासँग समन्वय र सहकार्य,
- शाखासँग सम्बन्धीत विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य,
- तोकिएबमोजिमका अन्य कार्यहरु ।

## ५) <u>उच्च शिक्षा महाशाखा</u>

### उच्च शिक्षा शाखा

उच्च शिक्षा शाखाको कार्यविवरण देहायबमोजिम रहकोछ,

- प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा प्रादेशिक सम्बन्धी नीति, कानून तथा मापदण्ड, योजना कार्यान्वयन र नियमन,
- प्रादेशिक छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण र वितरण,
- उच्च शिक्षासँग सम्बन्धीत विषयमा संघ र स्थानीय सरकारसँग सम्पर्क,सहकार्य तथा समन्वय,
- उच्च शिक्षा सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन,अद्यावधिक र विश्लेषण,
- शाखासँग सम्बन्धीत विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य,
- तोकिएबमोजिमका अन्य कार्यहरु ।

### विशेष शिक्षा शाखा

विशेष शिक्षा शाखाको कार्यविवरण देहाय बमोजिम रहेको छ

- विशेष शिक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड, योजना कार्यान्वयन र नियमन,
- विशेष शिक्षा सम्बन्धी विषयमा संघ र स्थानीय सरकारसँग सम्पर्क, सहकार्य तथा समन्वय,
- विशेष शिक्षाको लागि आवश्यक शिक्षण सिकाई तथा तालिमको व्यवस्थापन,
- विशेष शिक्षा सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन,अद्यावधिक र विश्लेषण,
- शाखासँग सम्बन्धीत विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य,
- तोकिए बमोजिमका अन्य कार्यहरु ।

## ६) <u>नीति, कानून, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा</u>

नीति, कानून, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखाको कार्यविवरण देहाय बमोजिम रहेको छ,

- स्वास्थ्य संग सम्बन्धीत प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश स्तरमा आवश्यक पर्ने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,
- स्वास्थ्य सेवा सम्बन्धी प्रदेश स्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्थाको दर्ता, संचालन, अनुमती र नियमन,
- प्रदेश स्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,
- राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मुल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, संचालन, अनुमती र नियमन,
- खानेपानी, ध्वनी र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,
- राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

- स्वास्थ्य क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, विकास साझेदारहरु संग आवश्यक समन्वय,सहकार्य तथा नियमन,
- प्रदेश स्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन,
- सुर्ति, मदिरा र लागूपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन,
- औषधी निगरानी, औषधिको उचित प्रयोग र सुक्ष्म जीव निरोधक न्यूनीकरण,
- संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,
- प्रदेश स्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह,
- प्रदेश स्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,
- स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,
- राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, संचालन, अनुमति र नियमन,
- सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम सम्बन्धी आवश्यक कार्यहरु,
- स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,
- प्रदेश स्तरको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, आयोजन कार्यान्वयन तथा संचालन, सम्भार र नियमन,
- खानेपानी तथा सरसफाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाई तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता,
- जनसंख्या, बसाइसराई र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र संचालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँग सम्पर्क र समन्वय,
- तोकिएबमोजिमका अन्य कार्यहरु ।

### ७) <u>अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा</u>

अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाको कार्यविवरण देहाय बमोजिम रहेको छ,

- राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- मन्त्रालय मातहतका अस्पतालहरुमा जनशक्ति, औजार, उपकरण, औषधि तथा औषधि जन्य सामग्रीहरुको व्यवस्थापन सम्बन्धी कार्यहरु,
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेश स्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,
- आयूर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रवाह गर्ने संस्थाहरुको तथ्यांक अध्यावधिक,
- जडिबुटि संरक्षण, सवंर्धन, प्रवधन र गुणस्तरीय आयुर्वेद औषधी उत्पादन र नियमनका लागि नीति तर्जुमाका लागि सम्बन्धीत निकायहरुसंग समन्वय,
- विपन्न नागरीकहरुको कडा रोग सम्बन्धी आर्थिक सहुलियतता व्यवस्थापन,

- प्रसुती सेवा तथा अन्य तोकेबमोजिमका आकस्मिक प्रेषणको हवाई उद्दार सम्बन्धी कार्यहरु,
- विशेषज्ञ स्वास्थ्य शिविर संचालन अनुमति, नियमन एवं व्यवस्थापन सम्बन्धी कार्यहरु,
- अस्पतालहरुको न्युनतम सेवा मापदण्ड (Minimum Service Standard) सम्बन्धी कार्यहरु,
- अस्पताल व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन एवं नियमन,
- तोकिएबमोजिमका अन्य कार्यहरु ।

# सेवा प्रवाह गर्ने मातहतका कार्यालयहरुको विवरण

## सामाजिक विकास मन्त्रालय तथा मन्त्रालय मातहत कार्यालयको कार्यालय प्रमुखहरुको विवरण र सम्पर्क नम्बर

| सि.नं. | कार्यालय | प्रमुखको नाम | कार्यालय सम्पर्क नं. | मोबाईल नं. | ईमेल |
|---|---|---|---|---|---|
| १ | सामाजिक विकास मन्त्रालय, धनगढी | गणेश बहादुर सिंह | ०९१-५२६५६३ | ९८५८४७९६६६ | |
| २ | स्वास्थ्य निर्देशनालय, दिपायल | | ०९४-४२०१२०, ०९४-४४००६२ | | phdnseven@gmail.com |
| ३ | शिक्षा विकास निर्देशनालय, दिपायल | श्री दुर्गादत्त बिष्ट | ०९४-४४०३०९ | ९८५८४४०३१० | rdfwred@gmail.com |
| ४ | शिक्षा तालिम केन्द्र, दिपायल | श्री गोविन्द प्रसाद पोखरेल | ०९४-४१२०३५ | ९८५८४८०७७० | etcsupa@gmail.com |
| ५ | स्वास्थ्य तालिम केन्द्र, धनगढी | श्री नरेन्द्र सिह कार्की | ०९१-५२४०५७ | ९८४८४२९१२७ | healthtrainingcenter2075@gmail.com |
| ६ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, धनगढी | डा.निरज अर्याल | ०९१-५९०३७७ | ९८५८४२०५७७ | phlmcsp@gmail.com |
| ७ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, धनगढी | श्री राम प्रसाद ओझा | ०९१-५९०६८४ | ९८४८४२५०७८ | provincelaboratory07@gmail.com |
